# करैयामाई गाउँपालिका
## Karaiyamai Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: ०८२/८३
चलानी नं./Ref. No.:: ३८६

२०८२/०६/०२
मिति/Date:...........................

श्री सम्पुर्ण कृषकहरु,कृषक समूह, कृषि सहकारी,कृषि उधमी,
करैयामाई गाउँपालिका,करैया,बारा।

विषय:- **५०% अनुदानमा गहुँको विउको लागि आवेदन दिने सम्बन्धि म्याद थप गरिएको सूचना**

प्रस्तुत विषयमा यस करैयामाई गाउँपालिका अन्तर्गत कृषि शाखाको आ.ब. २०८२/८३ को सशर्त कार्यक्रम तर्फको खाधान्न बालीको उन्नत वीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत ५०% अनुदानमा उन्नत गहुँको वीउ माग गर्नको लागि कृषि विभाग अन्तर्गत रहेको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको मिति २०८२/०५/१२ गतेको प्रकाशित सूचना अनुसार गहुँको उन्नत वीउको माग संकलन गरि विधुतीय वीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System - DESES) मा माँग विवरण प्रविष्टि गर्नुपर्ने भएकोले यस गाँउपालिका भित्रका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उधमीले मिति २०८२/०६/०२ गते सम्म म्याद रहेको हुनाले दोस्रो पटक बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको मिति २०८२/०५/३० गतेको प्राप्त पत्रानुसार गहुँको बीउको आवेदनको मिति यो सूचना प्रकाशन गरिएको मिति देखि २०८२/०६/२० गते कार्यालय समय भित्र तोकएको ढाँचामा तपसील अनुसारका कागजातहरु संलग्न राखि यस करैयामाई गाउँपालिकाको कृषि विकास शाखामा आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**नोट:- गहुँको उन्नत वीउ प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने गहुँका जातहरु**

| क्र.सं. | बाली | जात | कैफियत |
|---|---|---|---|
| १. | गहुँ | विजय, एन.एल.९७१,गौतम | |

**आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

१. गहुँको जात र परिमाण खुलाईएको निवेदन।
२. नागरिकताको फोटोकपी – १ प्रति।
३. लालपुर्जाको फोटोकपि – १ प्रति।
४. अरुको जग्गामा गहुँ खेती गरिने भए जग्गाको करारनामा ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
६. हालको मालपोत तिरेको रसिद ।
७. कृषक समूह,कृषि सहकारी संस्थाहरुको हकमा लेटरप्याडमा निवेदन साथै दर्ता प्रमाणपत्र, करचुक्ता र बैठकको निर्णको प्रतिलिपि ।

Omprakash
...........................
ओम प्रकाश ठाकुर
कृषि अधिकृत

ओम प्रकाश ठाकुर
कृषि अधिकृत
छैठौं तह

बोधार्थ:- श्री वडा कार्यालय (१-८), सूचना पाँटिमा टाँस गरि सम्पूर्ण कृषकहरुलाई जानकारी गराईदिनुहुन ।